# निजामती सेवा दिवस, २०७५ मूल समारोह समितिका निर्णयहरु:

१. निजामती सेवा दिवस, २०७५ का लागि देहाय बमोजिमको नारा तय गर्ने:

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

२. निजामती सेवा दिवस, २०७५ को अवसरमा भाद्र २२ गते विहान ८:३० बजे हुने विशेष कार्यक्रममा काठमाण्डौं उपत्यकाभित्रका सबै कार्यालयका निजामती कर्मचारीहरुलाई सहभागी हुन अनुरोध गर्ने।

३. निजामती सेवा दिवस, २०७५ को अवसरमा २०७५ साल भाद्र २१ गते दिनको ४:०० बजेदेखि ६:०० बजेसम्म अभियानका रुपमा सबै सरकारी कार्यालय र परिसर सरसफाई गर्ने, गराउने व्यवस्था मिलाउने।

४. निजामती सेवा दिवसको कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयसंग माग गर्ने।

५. मूल समारोह समितिले २०७५ भाद्र २२ गते आयोजना गर्ने विशेष कार्यक्रमको प्रमूख अतिथिको रुपमा उपस्थित भई हौसला बढाइदिन सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने।

६. मूल समारोह समितिको कार्यक्रम विहान ८:३० बजे देखि ११:०० बजेसम्म सिंहदरबार परिसरमा आयोजना गर्ने र सो को लागि मञ्च व्यवस्थापनको जिम्मेवारी रक्षा मन्त्रालयलाई दिने।

७. मूल समारोह समितिको कार्यक्रमसंग दोहोरोपन नहुने गरी सबै सरकारी कार्यालय र निजामती कर्मचारी सम्वद्ध संघ/संस्थालाई निजामती सेवा दिवस-२०७५ को अवसरमा सेवा प्रवाह सुधार सम्बन्धमा नयाँ र रचनात्मक कार्यक्रम (Innovative Programme) गर्न, गराउन आग्रह गर्ने।

८. उपसमितिहरुको कार्यक्रम र प्रगति अवस्था बारे उपसमिति संयोजकहरुले मूल समारोह समितिलाई जानकारी गराउनु भयो।

प्र मान यस सूचनालाई website मा राख्न उपयुक्त देखी पेश गरेको छु।